PJMR
PMC

# नारी-सङ्घर्ष, अस्मिता र मातृत्वका केन्द्रमा 'तीनघुम्ती'

**धान्यप्रसाद पौडेल**
**फु.न.पा-२, ताप्लेजुङ**
**पाथीभरा क्याम्पस**
Email: dhanyapdpaudel@gmail.com

**लेखसार**

*साहित्यकार विश्वेश्वर प्रसाद कोइरालाका उपन्यासमा मुख्य रूपमा मनोविश्लेषण र अस्तित्ववादको प्रयोग पाइन्छ। उनको आख्यानक्षेत्र प्रमुख भए पनि कविता, निबन्ध आदि क्षेत्र सशक्त कलम चलेको छ। उनी कार्लमार्क्सको द्वन्द्वात्मक भौतिकवाद, डार्विनको विकासवाद, सिग्मण्ड फ्रायडको मनोविश्लेषणवाद जस्ता दार्शनिक विचारबाट प्रभावित भई नेपाली साहित्यमा स्थापित भएका छन्। कथा र उपन्यासका क्षेत्रमा फ्रायडको मनोविश्लेषणसँग सम्बद्ध विषयवस्तुकै रूपमा रहेका छन्। तीन घुम्ती उपन्यासको औपन्यासिक तत्वको अध्ययन तथा विश्लेषण गर्नु र नारी संघर्ष, अस्मिता र मातृत्वको विश्लेषण गर्नु यस अध्ययनको मुख्य उद्देश्य रहेको छ। यहाँ विश्वेश्वर प्रसाद कोइरालाद्वारा लिखित तीन घुम्ती उपन्यासको अध्ययनका आधारमा प्राप्त तथ्याङ्कहरुलाई तार्किक विधिका माध्यमबाट अध्ययन गरिएको छ। आजका नारी दुर्वल, एक्ला र निरीह छैनन् बरु आफ्ना सन्तानको जिम्म लिएर एक्लै बसेर पनि अभिभावकत्व प्रदान गर्न सक्छन् भन्ने धारणा उपन्यासमा रहेको पाइन्छ। तत्कालीन पुरुषप्रधान समाजको सामाजिक मर्यादालाई भङ्ग गर्न इन्द्रमाया पात्रका माध्यमबाट कोइराला सफल भएका छन्। नेपाली नारीहरुले पनि स्वविवेकको प्रयोग गरेर आफ्ना दुर्वलतालाई तोड्दै अस्तित्ववादी जीवन दृष्टिको हुँकार गर्न सक्छन् र मातृत्व नै नारीहरुको अन्तिम इच्छा हो र यसको परिपूर्तिका लागि नारीहरुले जस्तोसुकै संघर्ष गर्न पनि सक्छन् भन्नेकुरा माथि प्रस्तुत अध्ययन केन्द्रित छ। उपन्यासका तीन घटना तथा मोडहरुमा इन्द्रमायाको मनोवैज्ञानिकताको इद, इगो र सुपरइगोको सफल प्रयोग भएको पाइन्छ।*

**मुख्य पद/पदावली :** यौन मनोविज्ञान, स्वच्छन्दतावादी, अचेत वाद, जीव तत्ववाद, जीवनवृत्त, मातृत्व, नारी अस्मिता

**विषयप्रवेश**

विश्वेश्वर प्रसाद कोइराला (सन् १९७२) नेपाली साहित्यका बहुआयामिक व्यक्तित्व हुन्। कोइरालाले आधा दर्जन उपन्यास लेखेका छन्। उनको पहिलो प्रकाशित उपन्यास नै तीन घुम्ती (२०२५) रहेको छ भने क्रमशः सुम्निमा, नरेन्द्र दाइ, मोदि आइन, हिटलर र यहूदी तथा बाबु, आमा र छोरा रहेका छन्। यौन मनोविज्ञान, नारी संघर्ष, अस्मिता र मातृत्वलाई समावेश गर्दै मनोविश्लेषणलाई उठान गरी प्रयोग गर्ने कार्य कोइरालाबाट भएको पाइन्छ। कोइरालाको साहित्यिक वातावरण श्रृजनामा हिन्दी साहित्यका स्वच्छन्दवादी कवि तथा समालोचक शान्ति प्रिय द्विवेदीको प्रमुख भूमिका रहेको छ। (शर्मा, पृ. १८) द्विवेदीले आफूलाई दिएको प्रेरणा र हौसलालाई पनि कथाकारले यसरी सम्झिएका छन्। "खूब राम्रो लेख्दा रहेछौ। ल्याउ-ल्याउ अरु पनि हेरौं। .... छपाउनु पर्छ। बिसु तिमीमा साहित्यिक रुचि छ भन्ने मलाई थाहा थियो। तिमी लेखक, कवि, कथाकार हुन सक्छौ।" (शर्मा, पृ. १९) यसबाट द्विवेदीले हौसला मात्र दिएनन् कोइरालाको साहित्यिक भविष्यवाणी पनि गरेर

साहित्यिक आत्मविश्वास लेखकमा भरिदिएका छन् । कोइरालाले हिन्दी नाम 'वहाँ' दिएर प्रथम लघुकथा 'त्यहाँ' (१९८७) लेखेका छन् । यही नै उनको साहित्य साधनाको प्रथम रचना भनिएको छ ।

यसैगरी चौध वर्षको उमेरदेखि उनले हिन्दी भाषामा कथा लेखनको प्रारम्भ गरेका हुन् । वि.सं. १९९२ मा 'चन्द्रवदन' कथाबाट नेपाली कथा यात्रा प्रारम्भ गरेका थिए (ढकाल, पृ. ८२) । नेपाली भाषामा भने ' कथा कुसुम'(१९९५ सूर्य विक्रम ज्ञवाली) मा कथा प्रकाशन भएका छन् । 'चन्द्रवदन' पछिका कथाहरुमा चाहिँ पूरै फ्रायडवादी प्रवृत्तिको प्रयोग पाइन्छ । साथै कल्पनाशीलता, सामाजिक अनुभूति, कारुणिक संवेगात्मक प्रभाव, बाल तथा यौन मनोविश्लेषण आदि उनका साहित्यिक प्रवृत्ति हुन् ।

कोइरालाको 'तीन घुम्ती' (२०२५), 'नरेन्द्र दाइ' (२०२६), 'सुम्निमा' (२०२७), 'मोदि आइन' (२०३६), 'हिटलर र यहुदी' (२०४०), तथा 'बाबु, आमा र छोरा' (२०४५) गरी ६ वटा उपन्यास प्रकाशन भएका छन् । प्रकाशनका दृष्टिले 'तीन घुम्ती' नै उनको प्रथम उपन्यास रहेको छ । फ्रान्सेली उपन्यासकारहरु फ्रायड, एडलल, युङ आदिबाट प्रभावित कोइरालाले मानव मनको दमित मनोभावनालाई प्रकट गर्नु नै उनको प्रमुख साहित्यिक विशेषता मानिएको छ । उनका उपन्यासमा नारी अस्मितासँग सम्बन्धित घटना र मुख्य पात्रसँग केन्द्रित रही चर्चा गर्ने प्रयास गरिएको छ ।

## अध्ययनको उद्देश्य

विश्वेश्वर प्रसाद कोइरालाले लेखेका छ वटा उपन्यास मध्ये पहिलो उपन्यास तीन घुम्ती उपन्यासको औपन्यासिक तत्वको अध्ययन तथा विश्लेषण गर्नु र नारी संघर्ष, अस्मिता र मातृत्वको विश्लेषण गर्नु यस अध्ययनको मुख्य उद्देश्य रहेको छ ।

## अध्ययन विधि

यस अध्ययनको मुख्य आधार सहायक स्रोत वा द्वितीय स्रोतको अध्ययन नै हो । विभिन्न लेखकहरुका लेख रचनाहरुको अध्ययन, विश्वेश्वर प्रसाद कोइरालाद्वारा लिखित तीन घुम्ती उपन्यासको अध्ययनका आधारमा प्राप्त तथ्याङ्कहरुलाई तार्किक विधिका माध्यमबाट अध्ययन विश्लेषण गरी निष्कर्ष निकालिएको छ । यस अध्ययनमा अन्तर्वार्ता, प्रश्नावली जस्ता विधिको प्रयोग गरी अध्ययन विश्लेषण गरिएको गरिएको छैन । सहायक स्रोतको उपयोग गरी निष्कर्ष खोज्ने प्रयत्न गरिएको छ ।

## अध्ययनको औचित्य

विश्वेश्वर प्रसाद कोइरालाद्वारा लेखिएका उपन्यासहरुको अध्ययन तथा विश्लेषण विभिन्न ढंगले गरिएको पाइएता पनि मुलभूत रुपमा तीन घुम्ती उपन्यासका सम्बन्धमा नारी संघर्ष, अस्मिता र मातृत्वको विषयमा आफ्ना दृष्टिकोणहरु प्रस्तुत गर्न र नारी संघर्षको चर्चा गर्न आवश्यक देखिएकोले यो अध्ययन औचित्यपूर्ण हुनेछ भन्ने अपेक्षा गरिएको छ ।

## उपन्यासको विश्लेषण

### कथावस्तु

झिनो कथावस्तु लिएर नारीको जीवनमा घटेका र घट्न सक्ने तीन वटा महत्त्वपूर्ण मोडहरुलाई मुख्य रूपमा लिइएको छ । ४५ वर्ष पुगेपछि फर्किएर आफ्नो जिन्दगीलाई नियाल्न पुगेकी नारी पात्र इन्द्रमायाकै वरिपरि उनी आफैँले भोगेको अतीतलाई स्मृतिको अमर रेखाङ्कन गरिएको छ । इन्द्रमायाले लिएका निर्णयबाट अत्यन्त दुःखद र अत्यन्त सुखद क्षणको स्मरण गर्दै प्राप्ति तथा अप्राप्तिको विश्लेषण नै यस उपन्यासको कथावस्तु हो । उपन्यासभित्र नारी पात्र इन्द्रमायाले १६ वर्षको उमेरमा पितामाताको इन्छा विपरीत कलेजको सहपाठीलाई पति वरण गर्नु पहिलो घुम्ती हो । दोस्रो घुम्तीका रूपमा २५ वर्षको उमेरमा पति पीताम्बर राजनैतिक बन्दी भएका बखत पीताम्बरकै साथी रमेशसँग यौन सम्बन्ध राख्नु रहेको छ भने छोरी जन्मिएका दिन पीताम्बर जेलबाट छुट्नु तथा इन्द्रमाया र पीताम्बर बिच सम्बन्ध बिग्रन्छ । "तिमीले छोरी पन्छायौ भने हाम्रो सम्बन्ध फेरि सहज भएर

जान्छ ।" पीताम्बरले भनेपछि इन्द्रमायाको मातृत्व भावनाले विजय गर्छ र ऊ छोरी च्यापेर विदीर्ण हृदयले पीताम्बरको घर छोडेर हिँड्छे त्यो तेस्रो घुम्ती हो। यसरी नारी पात्र इन्द्रमायाले १६, २५ र २७ वर्षको उमेरमा गरेका तीन वटा निर्णय नै तीन घुम्ती उपन्यासका तीनवटा मोड वा घुम्तीहरु हुन् । उपन्यासमा केन्द्रीय नारी चरित्र इन्द्रमायाको जीवनवृत्त स्वयंकै तर्कपूर्ण विचारले निर्दिष्ट रहको छ त्यसैले यो उपन्यास नारी मनोविश्लेषणात्मक तथा अस्तित्ववादको पृष्ठभूमिमा रचित छ। (दाहाल, २०७४)

## चरित्र चित्रण

नारी अस्मितालाई स्थापित गर्न मान्छेका आन्तरिक र दबिएका चाहनाहरु अवसर प्राप्त हुने बित्तिकै प्रष्फुटन हुन्छन् भनी नारी पात्र इन्द्रमायालाई प्रमुख भूमिकामा लिएका छन् भने पीताम्बर, रमेश, पसले, बुढीआमा र रमालाई क्रियाशील पात्रका रूपमा तय गरिएको छ साथै अन्य पात्रहरु पनि रहेका छन् । प्रमुख पात्रका रूपमा रहेकी इन्द्रमाया समाजप्रति विद्रोह गरी नारी अस्तित्वका लागि दर्बीलो उदाहरण बनेर प्रस्तुत भएकी छन् । इन्द्रमायाले १६ वर्षकी हुँदा लिएको पहिलो निर्णयमा (घुम्ती) प्रेमिका, दोस्रो निर्णयमा पत्नी र तेस्रो निर्णयमा मातृत्वको बोझ उठाउनु नारी मनोविश्लेषणात्मक तथा अस्तित्ववादको उदाहरण हो र उनी वात्सल्यमयी आमा बन्न पुगेकी छन् र छोरी लिएर आफ्नो यात्रा तय गरेकी छन् ।

## परिवेश

तीन घुम्ती उपन्यासको परिवेश करिब ६, ७ घण्टा जति पनि छैन भने स्थानीय परिवेश पनि इन्द्रमाया बसेको कोठामा देखाइएको छ। ४५ वर्षको जीवनयात्रा तय गरेकी इन्द्रमायाको अतीत सिंहावलोकन गराएका छन् कथाकारले । ४५ वर्षको प्रौढा इन्द्रमाया आज तृतीय प्रहरमा आफ्नो एकान्त कोठामा यस्तै कुरा सोचेर लेटिरहेकी छ । ... जीवन यही हो । ... कोठा अँध्यारो भइसकेको छ । साँझ झमक्क छोपिसकेको थियो । इन्द्रमाया ओछ्यानबाट उठी । आँखामा रसाएर थोपा बन्न थालेको आँसु पुछी उसले । हतारिएर झ्याल उघारी अनि बत्तीको स्विच थिची । (तीन घुम्ती, २०६४)

तीस वर्षको कालिक परिवेश र रक्तकाली देखि टुँडिखेलसम्मको सडकको गल्ली, पुतलीसडक, रामशाहपथ, कालीथान र नजिकको पीताम्बरको घर तथा बारी, पशुपति मन्दिर, सिंहदरबार, नारायणगढ, अस्पताल, विद्यालय आदि । बौद्धिक परिवेशमा सामाजिक, राजनैतिक चेतनाद्वारा परिचालित पात्र संयोजन गरिएको पाइन्छ । चरित्र विधानका दृष्टिले बौद्धिक परिवेश सबल रहेको छ ।

पीताम्बर र उसका साथीहरुका सम्पूर्ण छलफल एवं तदनुकूलका गतिविधिद्वारा समातिनु आदि सबै राजनैतिक परिवेश हुन् भने रमेशसँग स्थापित यौनाचार बाहेक इन्द्रमायाका सम्पूर्ण कृत्यहरु हाम्रो रुढिग्रस्त समाजका लागि सशक्त चुनौती हुन् । (ढकाल, २०६०)

## भाषाशैली

प्रथम र तृतीय पुरुषको प्रयोग भएको यस उपन्यासको भाषाशैली कोइरालाका अन्य उपन्यासभन्दा सरल रहेको छ तापनि केही नेपाली इतर भाषा प्रयोगले गर्दा गतिरोध भएको पनि पाइन्छ ।

## आकार

नारी समस्यामूलक उपन्यास 'तीन घुम्ती' साझा प्रकाशन : २०६४ मा ७४ पृष्ठ, तीन भागभित्र प्रथम भाग २१ पृष्ठमा, द्वितीय भाग २२ देखि ५० पृष्ठमा र तृतीय भाग ५१ देखि ७४ पृष्ठमा पूरा भएको छ । उपन्यासकी केन्द्रीय पात्र इन्द्रमायाले १६, २५ र २७ वर्षमा गरेका तीन वटा निर्णयहरु नै क्रमशः भाग एक, दुई र तीनमा प्रस्तुत गरिएको छ ।

## शीर्षक चयन

'तीन घुम्ती' उपन्यासकी केन्द्रीय चरित्र इन्द्रमायाको प्रेम घुम्ती, यौन घुम्ती र मातृ घुम्तीका रूपमा प्रेमिका, पत्नी र आमाका रूपमा नारी अस्तित्वको व्याख्या गरिएको छ। नारीको पूर्णता मातृत्वमा मात्र पूरा हुन्छ भन्ने यथार्थता उपन्यासमा देखाइएको छ। इन्द्रमायाले

लिएका तीन निर्णयहरु नै उसका जीवनका तीन घुम्ती हुन् । जसबाट उपन्यासकारले सिङ्गो उपन्यास सफल बनाएका छन् । सम्पूर्ण उपन्यास नै इन्द्रमायाको बाल, युवा र प्रौढ मनको विश्लेषण हो । त्यसैले १६वर्षमा पीताम्बरकी प्रेमिका, २५ वर्षमा रमेशकी पत्नी र २७ वर्षमा पति भन्दापनि सन्तानको महत्व र ममतालाई स्वीकारेर मातृ रूपमा समर्पित हुनु नै उनको अन्तिम निर्णय हो । यिनै तीन वटा निर्णय नै इन्द्रमायाका जीवनका तीन घुम्ती हुन् जसले उपन्यासकै तीनवटा घुम्तीलाई पूर्णता दिएको छ । त्यसैले यस उपन्यासको शीर्षक सार्थक छ ।

## नारीमूलक उपन्यास

उपन्यासकार कोइरालाले 'तीन घुम्ती' उपन्यासमा नारी पात्र इन्द्रमायाका तीन स्वैच्छिक निर्णयलाई महत्त्ववका साथ प्रस्तुत गरेका छन् । यसमा अस्तित्ववादका साथै यौन मनोविज्ञान समेत समावेश छ । औपन्यासिक क्षेत्रमा नयाँ प्रयोगका रूपमा आएको यस उपन्यासमा फ्रायडको अचेतवाद, डार्विनको जीवतत्ववादलाई समेत प्रस्तुत गरिएको छ। कोइरालाले एक यस्ती नारी पात्रको चयन गरे जो नियतिवश अवचेतनमनद्वारा प्रेरित भएर जैविक आकाङ्क्षाले प्रेरित भएपनि चेतन मनबाट आफू सही भएको दावी गर्न पुग्छे। यौन मनोविज्ञानका सन्दर्भमा नारी अस्तित्वको औचित्यप्रति सिद्धता प्राप्त गरेको ठहर गर्छे । नारी पात्रकै केन्द्रीयतामा रहेर गरिएको महत्त्वपूर्ण निर्णयको थालनी र अन्त्यबाट यो उपन्यास नारीमूलक उपन्यास हो भन्न सकिन्छ।

## नारी संघर्ष, अस्मिता र मातृत्व

यौन मनोविज्ञानमा आधारित नारी अस्तित्वलाई स्थापित गराउनुमा नै यो उपन्यास केन्द्रित रहेको छ । पीताम्बर थुनिनुभन्दा अघिल्लो रात चरम मातृत्वको लालसाले आग्रह गर्छे, इन्द्रमायाले मृदु स्वरमा भनी "सन्तान भनेको पति पत्नीको सम्मिलित सहयोगको सुन्दर रचना हो । खोइ यता त्यो सहयोग ?" पीताम्बरले कोल्टे फर्केर भन्यो, "आज म असाध्यै थाकेको छु ।"(कोइराला, २०६४) त्यसपछि पीताम्बर जेल पर्छ । त्यसैले इन्द्रमाया पत्नीत्व भन्दा मातृत्व नै ग्रहण गर्ने निर्णयमा पुग्छे नारी अस्तित्वको रक्षार्थ । "नारीको पूर्णतापरक गरिमामय स्वरूप मातृत्व हो ।" (ढकाल, २०६०) साहसी नारी पात्र इन्द्रमायाको निर्णय नेपाली उपन्यासमा नवीन प्रयोग हो भन्न सकिन्छ । जसमा नारी पात्र मार्फत यौन सम्बन्धी धारणा र नारी अस्तित्ववादको विचार सशक्त रूपमा उठाइएका छन् । "पीताम्बरको प्रेम सुख पाउन खोज्दा समाजलाई त्याग्नु परेको थियो उसले । रमेशबाट रमाइलो पाउन खोज्दा आस्थाको सन्तोष त्याग्नु परेको थियो ; र माताको सन्तोष पाउन खोज्दा पतिको सुख त्याग्नु पऱ्यो । जीवनको साटोनापो बराबर । इन्द्रमायाले सोची । " (कोइराला, २०६७) कोइरालाले नारी संघर्षलाई अझ तीब्र रुपमा प्रस्तुत गरेका छन् । रमेशद्वारा गर्भवती भएकी इन्द्रमाया बच्चा जन्माउन अस्पताल गएकै अवस्थामा पीताम्बर जेलमुक्त हुन्छ र अस्पताल पुगेर इन्द्रमायालाई भेट्छ तर केही नबोली फर्कन्छ (भट्टराई, २०७७)

तत्कालीन राजनैतिक अवस्थाको झल्को दिने यस उपन्यासमा नेपाली नारीको स्थिति, पारिवारिक, सामाजिक तथा मनोवैज्ञानिक पक्षको सशक्त ढंगले उजागर भएको पाइन्छ । पीताम्बर थुनिएपछि मेरो व्यस्तताको अन्त रहेन । त्यसदिन बिहानभरी मिलिटरीले घरको तलासी लिइ रहे । पीताम्बरले भने लुगा फेर्नेसम्म फुर्सद पाए, आदि सन्दर्भले तत्कालीन राजनैतिक अवस्थाको चित्रण गर्दछ । मानव जीवन संघर्ष र त्यागबाट मात्र आफ्नो अस्तित्वको रक्षा गर्न सकिन्छ । जीवन भनेकै संघर्ष हो । जताततै विकराल पहाडले छेकेको हुन्छ र तिनीहरुलाई उचित ढंगले फोर्दै जानु नै वास्तविक जीवन जिउनु हो । आज हरेक व्यक्तिले अस्तित्व कायम राख्न पहाड फोर्नु छ जसरी इन्द्रमायाले तीन घुम्ती उपन्यासमा ४५ वर्षको उमेरमा विगतका मुख्य तीन घटनालाई संघर्षका रूपमा सम्झिन पुगेकी छ। १६ वर्षको उमेरमा पीताम्बरसँग भएको प्रेम २५ वर्षमा घटेको दोस्रो घटना र २७ वर्षको उमेरमा

मातृत्वका लागि रमेशसँग गरिएको सहबास जस्ता तीनवटै निर्णयहरु नारी संघर्ष, अस्मिता र मातृत्वका पक्षमा देखापरेका सशक्त विद्रोही चेत हुन् । पतिको गृहत्याग गरेर आफ्नो सन्तानसँग अन्यत्रै जीवन यापन गर्ने निर्णय गरेर तत्कालीन पुरुषप्रधान समाजको सामाजिक मर्यादालाई तोड्न इन्द्रमाया पात्रका माध्यमबाट कोइराला सफल भएका छन् । यी तीन घटना तथा मोडहरुमा इन्द्रमायाको मनोवैज्ञानिकताको इद, इगो र सुपरइगोको सफल प्रयोग भएको पाइन्छ ।

## निष्कर्ष

नारीलाई प्रेमिका, पत्नी र आमाका तीन रुप मध्ये मातृत्वका पक्षमा निर्णय गरेर एउटी शिक्षित नारी पात्रले स्वतन्त्रतापूर्वक आफ्नै निर्णयमा जीवनलाई गुजार्न सक्छे भन्ने मान्यता बोकेको उपन्यास हो तीन घुम्ती । यस उपन्यासमा नारी संघर्ष, अस्मिता र मातृत्वलाई उजागर गरिएको छ । आजका नारी दुर्वल, एक्ला र निरीह छैनन् बरु आफ्ना सन्तानको जिम्म लिएर एक्लै बसेर पनि अभिभावकत्व प्रदान गर्न सक्छन् भन्ने धारणा रहेको पाइन्छ । इन्द्रमायाले स्वविवेक र ज्ञानकै आधारमा पति चयन गरेको पनि रमेशसँगको सहवासबाट छोरी जन्माएको र पछिल्तिर पीताम्बरको गृह नै त्याग गरेको उसँग वियोग भएको देखिन्छ । दरवारमा काम गर्ने कर्मचारीकी छोरी नेवार समुदायमा हुर्केकी कन्या जो घर परिवारको स्वीकृति वेगर राजनैतिक व्यक्तित्व भएको आफ्नै सहपाठी ब्राह्मण कुलको पीताम्बरसँग बैबाहिक सम्बन्धमा बाँधिनु पहिलो घुम्ति वा निर्णय थियो भने पीताम्बरको अनुपस्थितिमा पिताम्बरको साथी रमेशसँग शारीरिक यौन क्रियाकलापमा संलग्न रहनु र सन्तान जन्माउनु दोस्रो निर्णय थियो जुनबेला पीताम्बर जेलमा रहेको थियो । पीताम्बरलाई त्यागी छोरीकै पालनपोषणमा लाग्नु इन्द्रमायाको तेस्रो निर्णय हो ।

यस उपन्यासमा हाम्रो तत्कालीन नेपाली समाजको धरातललाई कलात्मक पाराले प्रस्तुत गरेका छन् घर परिवार तथा बाबु आमाले रोजेको व्यक्तिलाई छोरी दिनुपर्ने मान्यताको विरुद्ध इन्द्रमायाले आफैँ पिताम्बर रोजेकी छे त्यो पनि अन्तरजातीय, त्यसैगरी सन्तानोत्पादनको लागि पति हुनुपर्ने मान्यता तोडिएको छ र यहाँ रमेशसँगको सहबासको परिणामस्वरुप इन्द्रमायाले सन्तान उत्पादन गरेकी छे र जतिसुकै दुःख कष्ट सहेर भएपनि लोग्नेकै घरमा चाकडी गरेर बस्नुपर्ने सामाजिक मान्यतालाई तोड्दै इन्द्रमायाले पीताम्बरको रुखो र निरीह व्यवहार त्याग गर्दै पतिको गृहत्यग गरेर आफ्नो सन्तानसँग अन्यत्रै जीवन यापन गर्ने निर्णय गरेर तत्कालीन पुरुषप्रधान समाजको सामाजिक मर्यादालाई तोड्न इन्द्रमाया पात्रका माध्यमबाट कोइराला सफल भएका छन् । यी तीन घटना तथा मोडहरुमा इन्द्रमायाको मनोवैज्ञानिकताको इद, इगो र सुपरइगोको सफल प्रयोग भएको पाइन्छ भने नारी संघर्ष, अस्मिता र मातृत्वको घनिभूत प्रयोग भएको पाइन्छ ।

## सन्दर्भ सामग्रीहरु


कोइराला विश्वेश्वरप्रसाद, तीन घुम्ती (नवौं सं.२०६४), साझा प्रकाशन, काठमाडौं ।

घिमिरे बुद्धि, समालोचना कुसुम (२०६५), बुद्ध अपसेट प्रेस, विर्तामोड ।

ढकाल भूपति, विश्वेश्वरप्रसाद कोइरालाका कथा र उपन्यासको विश्लेषण (२०६०), एविसि पब्लिकेसन, काठमाडौं ।

दाहाल छुनु, खुला आकाश (२०७४) कावेली प्रेस सपोर्ट, बागबजार ।

भट्टराई, श्यामप्रसाद, आधुनिक नेपाली कथा उपन्यास र नाटक, (२०७७), जुपिटर प्रिन्टिङ एण्ड पब्लिकेसन हाउस प्रा.लि., काठमाडौ ।